# उत्तर संरचनावादको अवधारणा विश्लेषण

**राजु भुसाल***

**सार**

*संरचनावादपछि उत्तर संरचनावादको जन्म भएको हो । त्यसैले उत्तर संरचनावादका कतिपय मान्यता संरचनावादमा पनि भेटिन्छन् । ससुरको सङ्केत, सङ्केतक र सङ्केतिसम्बन्धी मान्यता, चिन्हविज्ञान र अर्थसम्बन्धी अवधारणालाई उत्तर संरचनावादले ग्रहण गरेको छ तर संरचनावादले जुन रूपमा ग्रहण गरेको छ उत्तर संरचनावादले त्यही रूपमा ग्रहण गरेको छैन । उत्तरसंरचनावादले भाषिक सन्दर्भको खोजीका क्रममा पाठ र अन्तर्पाठ तथा पाठीयता र अन्तर्पाठीयताको अध्ययन गर्छ । यसले परम्परागत धारणात्मक जोडीलाई भत्काउँछ र त्यसको केन्द्र भङ्ग गर्दछ । परम्परामा प्रकृति/संस्कृति, पशुता/मानवता, पुरुष/महिला, ब्राह्मण/दलित, श्वेत/काला जस्ता युग्म धारणात्मक रूपमा रहेका छन् र यिनले विभेदकारी बिम्बको निर्माण गरेका छन् भन्दै त्यस्ता युग्मलाई भत्काउने काम यसले गर्दछ । द्विचरले विरोध, अर्थको बहुलता, निष्कर्षको विरोध उत्तर संरचनावादका प्रमुख विशेषता हुन् । डेरिडाको विनिर्माणवाद, रोलाँ बार्थको पाठको बहुअर्थको मान्यता, मिसेल फुकोको शक्ति सिद्धान्त, ज्याक लकाँ र जुलिया क्रिस्तिभाको नवमनोविश्लेषणको सिद्धान्तको व्याख्या यसमा गरिएको छ ।*

**शब्दकुञ्जी**

अर्थको बहुलता, शक्तिसिद्धान्त, नवमनोविश्लेषण, द्विचरको विरोध, सङ्केत विज्ञान, प्रतीकात्मक तह, विमर्शात्मक संरचना ।

## १. विषयपरिचय

उत्तरसंरचनावाद संरचनावादभन्दा पछिको अवधारणा हो । उत्तर संरचनावाद संरचनावादको सीमान्त प्रतिक्रियाका रूपमा प्रारम्भ भएको दार्शनिक र समालोचकीय मान्यता पनि हो । यसले मानविकी र सामाजिक शास्त्रका सबै विषयलाई प्रभावित पारेको छ । समालोचनादेखि सांस्कृतिक अध्ययन, नारीवाददेखि राजनीतिशास्त्र र अर्थशास्त्रसमेत यसबाट कुनै न कुनै रूपमा प्रभावित छन् । यसले आधुनिक युगको सैद्धान्तिक स्थापनालाई मात्र खोतलेको छैन, उत्तर आधुनिक युगको दार्शनिक दृष्टिकोण पनि स्थापना गरेको छ । युरोपमा यसले गहिरो प्रभाव पारेको छ । यो उत्तर औद्योगिक युगको उपज पनि हो । सांस्कृतिक अध्ययनका विभिन्न सम्प्रदाय र आन्दोनलमा यसको प्रभाव भेटिन्छ । उत्तर संरचनावादले भाषिक सन्दर्भको खोजीका क्रममा पाठ र अन्तर्पाठ तथा पाठीयता र अन्तर्पाठीयताको अध्ययन गर्छ । उत्तर संरचनावादका अध्ययनका पक्षहरूमा बहुलता, विषयको विकेन्द्रण, सार्वभौमता वा स्थापित विषय वा कारणको अस्वीकार पर्दछन् । यस आधारमा यसले पाठमा एकै अर्थ वा स्थिर अर्थ रहेको हुन्छ भन्ने मान्यताको विरोध गर्छ र बहुलता वा बहुकेन्द्रिकताको खोजी गर्छ । त्यसैगरी यसले पाठात्मकता एक अर्कामा कसरी अन्तर्सम्बन्धित हुन्छ, अन्तर्पाठीयता त्यसमा कसरी आबद्ध भएको हुन्छ भन्ने कुराको पनि अध्ययन गर्दछ । पाठमा सङ्केतक (शब्द), सङ्केतित (धारणा) तथा सन्दर्भहरू भाषाका कारण जोडिए पनि तिनको अर्थ अस्थिर हुन्छ । यही अस्थिरताका कारण अर्थ सर्ने क्रम रहिरहन्छ भन्ने मान्यता उत्तर संरचनावादको रहेको छ । डेरिडाको विनिर्माणवादको मान्यता पनि यही विपठनमा आधारित छ । मानवीय इच्छाका सन्दर्भहरू भाषामा कसरी प्रकट भएका छन्, लेखकीय र लेखकीय मृत्युको सन्दर्भ कसरी व्यक्त हुन्छ र भाषाको प्रयोगले सिर्जना गर्ने विभेदकारी अभिव्यक्ति कसरी प्रकट भएको हुन्छ भन्ने विषय पनि उत्तर संरचनावारको विषय हो । डेरिडाको विखण्डनवाद, रोलाँ वार्थको पाठको बहुअर्थको सिद्धान्त, ज्याक लकाँको नव मनोविश्लेषण सिद्धान्त, मिसेल फुकोको शक्ति सिद्धान्त र जुलिया क्रिस्तेवाको नवमनोविश्लेषणको सिद्धान्तको चर्चा गर्नु प्रस्तुत लेखको मुख्य उद्देश्य हो ।

## २. विषयविस्तार

उत्तर संरचनावाद संरचनावादभन्दा पछाडि देखा परेको साहित्य सिद्धान्त हो । उत्तर संरचनावादलाई संरचनावादका सम्भावनाहरू, आशयहरू र कमीकमजोरीहरूका साथै ससुरको

*उप-प्राध्यापक, नेपाली शिक्षण विभाग, बुटवल बहुमुखी क्याम्पस, बुटवल

भाषाशास्त्रलाई यसले मानिआएको आधारलाई सशक्त उर्जा दिने आन्दोलनका रूपमा लिइन्छ (अधिकारी, २०६१ : १०१) । उत्तर संरचनावादले भाषिक सन्दर्भको खोजीका क्रममा पाठ र अन्तर्पाठ तथा पाठीयता र अन्तर्पाठीयताको अध्ययन गर्छ । उत्तर संरचनावादले विपठनलाई मूल क्षेत्र बनाए पनि मनोविश्लेषण, नारीवाद, लैङ्गिक समालोचना, उत्तरउपनिवेशबाट तथा सामाजिकशास्त्र र मानविकीका अन्य क्षेत्रहरूसम्म पनि यसको विस्तार भएको छ (भट्टराई, २०७० : ३५४) । यसका मूल अध्ययनका पक्षहरू बहुलता, विषयको विकेन्द्रण, सार्वभौम वा स्थापित विषय वा कारणको अस्वीकार, मानवताको आलोचना र भिन्नता रहेका छन् । यही आधारमा यसले एउटै अर्थ र स्थिर अर्थ रहेको हुन्छ भन्ने कुराको विरोध गर्छ र बहुलता र बहुकेन्द्रीयताको खोजी गर्दछ । पाठमा अर्थहरू छरिएर रहेका हुन्छन् र सन्दर्भअनुसार पाठका अर्थमा परिवर्तन हुन्छ भन्ने मान्यता यसले राख्छ ।

उत्तर संरचनावादीहरू संरचनावादको उपयुक्ततामा शङ्का गर्छन् । संरचनावादले कृतिको अर्थको स्थायीत्व र एकात्मकतामा विश्वास गर्छ भने उत्तर संरचनावादले यसको विरोध गर्छ । यसका अनुसार साहित्यिक कृतिको अर्थ स्वभावैले अस्थिर हुन्छ । संरचनावादबाट अलगिएको एउटा मुख्य कारण पनि यही हो । संरचनावादबाट उत्तर संरचनावादको विच्छेद देखाउने अर्थात् पहिलोबाट दोस्रोलाई अलग्याउने केही तथ्य यी हुन् :(गौतम, २०६४ : ९२(९३) ।

संरचनावाद वैज्ञानिकताको, सार्वभौमको दावा गर्छ जसमा उत्तर संरचनावाद उपेक्षापरक हेराई राख्छ ।

संरचनावाद टेक्स्टको एकत्वमा विश्वास गर्छ जबकि उत्तर संरचनावाद टेक्स्टको अनेकत्वमा, बेमेल (डिस्युनिटी) मा जोड दिन्छ ।

संरचनावाद सङ्केतक र सङ्केतितको निश्चित सहवर्तिता खोज्छ जव कि उत्तर संरचनावाद सङ्केतितलाई अनिश्चित मान्छ, सङ्केतलाई प्राथमिकता दिन्छ ।

संरचनावाद र उत्तर संरचनावाद दुबैमा संरचनाको भूमिका उल्लेख्य छ । स्ट्रक्चरलाई अर्थात् संरचनालाई हामीले घटक र घटकहरूलाई जोड्ने नियमको रूपमा बुझ्दै आएका छौं । अवयव र अवयवहरूको सम्बन्धमा संरचना बोधगम्य हुन आउँछ तर संरचनावादी संरचना निश्चिततातिर हामीलाई डोऱ्याउँछ जब कि उत्तर संरचनावादी संरचना अनिश्चिततामा हामीलाई धकेल्छ ।

उत्तर संरचनावादको जन्म तथा विकास गर्नमा मुख्य भूमिका ज्याक डेरिडा, रोलाँ बार्थ, ज्याक लकाँ, जुलिया क्रिस्तिभा र मिसेल फुकोको विशेष भूमिका रहेको छ । यहाँ यिनको चर्चा क्रमशः गरिन्छ :

### *२.१ डेरिडा र उनको विनिर्माणसम्बन्धी अवधारणा*

उत्तर आधुनिकतावादकै एउटा धार विनिर्माणवाद उत्तर संरचनावादको मूल पक्ष हो । विखण्डनको प्रारम्भ सन् १९६६ मा जोन हप्किन्स विश्वविद्यालयमा आयोजित एक गोष्ठीबाट भएको हो । सन् १९६६ मा यस विश्वविद्यालयमा आयोजित संरचनावादसम्बन्धी कार्यशाला गोष्ठीमा डेरिडाले Structure sign and play in the discourse of theHuman Sciences शीर्षक कार्यक्रममा संरचनावादको आलोचना गरी उत्तर संरचनावादको थालनीका साथै विनिर्माणवादसम्बन्धी नयाँ सिद्धान्तको स्थापना गरेका हुन् (शर्मा र लुइटेल, २०६१ : ३५८) । गोष्ठी संरचनावाद बारे विचार विमर्शका लागि आयोजना गरिएको थियो तर डेरिडाको उपस्थिति र उनको कार्यपत्र पठनको परिणाम गोष्ठी विखण्डनवादको प्रस्थानविन्दु बन्यो (नगेन्द्र र हरदयाल, २०१२ : ४२५) । यसपछि यसै विषयमा केन्द्रित भएर डेरिडाका अफ ग्रामाटोलोजी, राइटिङ एन्ड डिफरेन्स र स्पीज एण्ड फेनोमेना गरी तीन पुस्तक प्रकाशित भए । त्यसपछि विनिर्माणवाद फ्रान्समा मात्र नभएर अमेरिकामा पनि चर्चाको प्रमुख विषय बन्यो । अमेरिकामा यसलाई लोकप्रिय बनाउनमा येल विश्वविद्यालयका साहित्यकारहरूको महत्त्वपूर्ण भूमिका रह्यो । पल डी मन, जेफरी हार्टमेन, जे हिसिल मिलर, हेराल्ड ब्लुम, बारबरा जानसन आदिले यसको प्रचारमा निर्णायक भूमिका निर्वाह गरे । यी विद्वान् नयाँ समीक्षाको बन्धनबाट मुक्त हुन चाहन्थे (नगेन्द्र र हरदयाल, २०१२ : ४२५) । कृतिको अर्थ एउटै हुँदैन र अन्तिम पनि हुँदैन भन्ने कुरा यिनीहरूले पनि अनुभव गरेका थिए । यिनीहरूले कृतिको खुलापनमा विश्वास गर्दथे तर यी विचारलाई बाहिर ल्याएका थिएनन् । जब डेरिडाको विखण्डनबाद आयो अनि यिनीहरूको आ-आफ्नो ढङ्गले यसको व्याख्या गरे । प्रारम्भमा कुनै पनि शब्द केन्द्रीय शब्द थिएनन् तर पछाडि यिनले अरू शब्दलाई भन्दा डिकन्स्ट्रक्सन शब्दलाई बढी चलाए । अरूले पनि डिकन्स्टूक्सन शब्दलाई आ-आफ्नो तरिकाले व्याख्या गरे ।

डेरिडाले ससुरको पेरोल र लाङ्गेको अवधारणालाई उल्टाएका छन् । ससुरले उच्चार्य रूपलाई महत्त्व दिएर लिखित रूपलाई दोस्रो श्रेणीको मान्दछन् । ससुरले लिखित रूपलाई दोस्रो श्रेणीको मान्नाको कारण लिखित रूप जीवन्त हुँदैन र बोली नै जीवन्त

हुन्छ भन्ने धारणा हो तर डेरिडाले यसलाई उल्टाएर लिखित रूपलाई पहिलो स्थान दिन्छन् । डेरिडाको दृष्टिकोण लेखाइमा नै अनेक अर्थ खोज्न सकिन्छ, अनेक अर्थमा बदल्न सकिन्छ, लेखाइमा नै अनेक सन्दर्भ जोडेर अनेक अर्थ लगाउन सकिन्छ भन्ने रहेको छ । डेरिडाको विसंरनावाद संरचनावादसँग केही मिल्छ र केही मिल्दैन । संरचनावादसँग यिनी यस बिन्दुमा सहमत छन्- 'लेखन' लेखकबाट अनुशासित र परिचालित हुँदैन, त्यसैले त्यो स्वतन्त्र हुन्छ अर्थात् पाठको सत्ता लेखकदेखि स्वतन्त्र हुन्छ, अर्थ पाठको संरचनाबाट नै लाग्छ, बाहिरबाट लाग्दैन । सिद्धान्त, धर्म, दर्शन, समाज आदिबाट पाठको अर्थ लाग्दैन भन्ने कुरामा डेरिडा सहमत छन् तर संरचना विखण्डिन भएर अनेक अर्थ द्योतक गर्छ भन्ने कुरा डेरिडाको महत्त्वपूर्ण मान्यता हो । यहीँबाट नै उनी संरचनावादबाट छुट्टिन्छन् । ससुरको सङ्केत र सङ्केतित, शब्द र अर्थको सम्बन्धमा अभेदात्मक छैन, भेदात्मक छ । त्यसैले अस्थिरता आउँछ र अर्थको केन्द्र हुँदैन भन्ने मान्यता डेरिडाको छ । भाषिक सङ्कथनमा अर्थ 'भिन्नता' बाट पनि उपस्थित हुन्छ र 'स्थगन' बाट पनि उपस्थित हुन्छ (भट्टराई, २०७० : ३५५) । यसका लागि उनले 'डिफरेस' शब्दको प्रयोग गर्दछन् । डिफरेसका दुई अर्थ हुन्( सङ्केत र सङ्केतनको आधार बीच भिन्नता र कुनै सङ्केतद्वारा सङ्केतितको उपस्थितिको स्थगन (नगेन्द्र र हरदयाल, २०१२ : ४२७) । यसरी डेरिडाले अर्थलाई उपस्थितिबाट मुक्त गर्दै यसको केन्द्रविहीनताको व्याख्या गरेका छन् ।

साहित्यको प्रकृति र रूप, त्यसको रचना प्रक्रिया र उद्देश्यको विषयमा विसंरचनावादले पूर्णतः परिवर्तन गरिदिएको छ । कृतिमा यसले विचारधाराको द्वन्द्व,उपस्थिति र अनुपस्थिति, भाषाको चिप्ल्याइ र शब्दखेल तथा अनिर्धारणको पनि अध्ययन गर्छ (शर्मा, २०६६ : ३५४) । कुनै निश्चित, निर्धारित अथवा पूर्वनिर्मित अर्थलाई विस्थापित गर्न डेरिडा परम्परामा प्रचलित श्रेणीबद्ध अर्थगत क्रमलाई परिवर्तन गर्दछन् । जसलाई द्विचर विरोध भनिन्छ । द्विचर विरोधको अर्थ शब्दको क्रम जस्तैः लेख्य/कथ्य, यथार्थ/प्रकृति/संस्कृति, कारण/बहुलापन, नर/नारी, सेता/काला जस्ता जोडीलाई उल्ट्याउनु हो (भट्टराई, २०७० : ३५६) । साहित्यको प्रकृति र रूप, त्यसको रचना प्रक्रिया र उद्देश्यको विषयमा विसंरचनावादले पूर्णतः परिवर्तन गरिदिएको छ । कालान्तरमा यसले साहित्यलाई मात्र नभएर भाषा र दर्शनको जगत्लाई पनि प्रभावित पारेको छ । विसंरचनावादको सिद्धान्तअनुसार एउटै पाठको दुई व्याख्या हुन सक्छ र त्योभन्दा बढी पनि हुन सक्छ । त्यसैले कुनै पनि पाठमा निश्चित अर्थ र एउटै अर्थ खोज्नु हुन्न । अर्थको निर्धारक अब लेखक होइन, पाठ या पाठक हो अर्थात् त्यसलाई पढ्ने पद्धति हो भन्ने रहेको छ । विसंरचनावादका दृष्टिमा रचना (पाठ) ठूलो हुन्छ न त समालोचना नै । दुबै रचना हुन् भन्ने मान्यता यसको छ । सर्जक, समालोचक र पाठकले अलग(अलग ढङ्गले रूप दिन्छन्, त्यसैले सबै बराबर हुन् भन्ने मान्यता यसको रहेको छ । परम्पराको ध्वंश गर्ने र भत्काउने काम ठिकै भए पनि नयाँको स्थापनातर्फ भने विपठनको कुनै रुचि हुँदैन (भट्टराई, २०७० : ३५६) । अहिले सांस्कृतिक अध्ययनमा दलितहरूको सांस्कृतिक विश्लेषणमा यसको उपयोग गरिन्छ ।

***२.२ रोलाँ बार्थ र उनको पाठको बहुअर्थसम्बन्धी अवधारणा***

फ्रान्सेली विद्वान् रोलाँ बार्थ प्यारिसमा जन्मेका थिए । उनी प्रारम्भमा मार्क्सवादबाट र पछि अस्तित्ववादबाट प्रभावित थिए । उनका मिथलजिज (१९७२) र फयासन सिस्टम (१९८३) कृति प्रकाशित छन् । रोलाँ बार्थको १९७४ मा प्रकाशित एस/जेड (क/श) कृतिमा उत्तरसंरचनावादी दृष्टिकोण पाइन्छ । यसमा बार्थले आफ्नो २०० पृष्ठको पुस्तकमा बाल्जाकको ३० पृष्ठको उपन्यास सारासिन को व्याख्या गरेका छन् (नगेन्द्र र हरदयाल, २०१२ : ४२१) । उनले यस पुस्तकमा संरचनाको ठाउँमा पाठलाई केन्द्रमा ल्याएका हुन् । सामान्यतया पाठलाई लिखित सामग्रीका रूपमा लिने गरिन्छ । यसभित्र पाठका विभिन्न रूपहरू हुने गर्छन् । पाठको परम्परागत धारणालाई पाठका रूपमा अर्थ्याइँदैन (गिरी, २०७० : ३१) । उनले यस पुस्तकको सुरुमै के भनेका छन् भने विश्वका सम्पूर्ण कथाहरूको एउटा संरचना खोज्न कष्ट मात्र छैन, सम्भव पनि छैन । रोला बार्थले पाठ दुई प्रकारको मान्दछन्-(१) लेखकीय पाठ (२) पाठकीय पाठ । लेखकीय पाठ सृजनशीलताको परिणाम हो । यो आदर्श या प्रत्यक्ष पाठ हो, जसलाई अनेक प्रकारले पढ्न सकिन्छ । कुनै पनि पाठकले यो दावा गर्न सक्दैन कि उसले जे पढ्यो, त्यो अन्तिम हुन्छ । वार्थले पाठले बहुल अर्थ त प्रदान गर्छ नै भन्दै पाठ अर्थमात्र नभएर अर्थोत्पतिको नयाँ सन्देश पनि हो भनेका छन् (गिरी, २०७० : ३२) । वास्तवमा पाठको संरचनावादी दृष्टिकोणलाई पनि उत्तरसंरचनावादले बदल्यो । वास्तवमा मूल पाठ पढ्नाका लागि जति कोड उपयोगमा ल्याइन्छ त्यति पाठकीय पाठ अगाडि आउँछन् । वास्तवमा यी कोडहरूको कुनै सीमा हुँदैन । त्यसैले कुनै पनि मूल पाठ या लेखकीय पाठको एकता कल्पना मात्र हो । कुनै मूल पाठ पढ्नुको हाम्रो दृष्टिकोण चाहे त्यो कुनै विचारधारा, दर्शन, संस्कृति, समाजव्यवस्था, राजनैतिक तन्त्र होस् या कुनै एउटामा आधारित होस्, त्यसको अर्थमा परिवर्तन

आउँछ र मूल पाठको अद्वितीयता समाप्त हुन्छ भन्ने दृष्टिकोण बार्थको छ (नगेन्द्र र हरदायल, २०१२ : ४२१) । यो कुरा बार्थले सरासिन उपन्यास माथि विभिन्न दृष्टिकोण या कोडलाई उपयोग गरेर बताएका छन् । आफ्नो चिन्तन या लेखनको प्रारम्भिक चरणमा यिनले सङ्केतविज्ञानलाई अपनाए । आफ्नो पुस्तक सङ्केतविज्ञानको मूल तत्त्वमा बार्थले यो स्थापना गरे कि मानव संस्कृतिको समस्त सङ्केततन्त्रलाई संरचनावादी पद्धतिबाट बुझ्न सकिन्छ । उनका अनुसार मानवीय सङ्केततन्त्र भाषामा कुनै कृति गौणतन्त्र हो । मूल तन्त्र त अधिभाषा हो । एउटा अधिभाषा पनि पूर्णतः स्वाधीन छैन । त्यो अर्को अधिभाषाप्रति उत्तरदायी छ । अधिभाषाहरूको परस्पर उत्तरदायित्वको क्रम पनि अनन्त छ र त्यो अनन्तता त्यहाँसम्म जान्छ, जहाँ अधिभाषा पनि निर्भरता या शून्यमा परिणत हुन्छ । त्यसैले कुनै पनि कृति वा त्यसको आलोचना यस्तो हुन सक्दैन, जसलाई परवर्ती रचनाकार या आलोचकले प्रश्नचिह्न नलगाओस् ।

संरचनावादी भाषाविज्ञानको प्रसिद्ध उक्ति छ, भाषा बोल्छ, मनुष्य होइन । यसैलाई आधार बनाएर बार्थले लेखकको मृत्युको घोषणा गरे र आफ्नो प्रसिद्ध आलेख द डेथ अफ दि अथर को घोषणा गरे ।  यसले बौद्धिक विश्वलाई लेखन कार्य, लेखकत्व आदि कुरामा नयाँ ढङ्गले सोच्न बाध्य बनायो ( भट्टराई, २०६९: ७२ ) । यस निबन्धमार्फत् उनले कृतिको व्याख्या नयाँ ढङ्गले गर्नुपर्ने प्रस्ताव राखे । कृति वा मूलपाठको व्याख्या  समालोचना लेखकको जीवनी र उसको सामाजिक, आर्थिक एवम् सांस्कृतिक सन्दर्भहरूसँग जोडेर हेर्ने र तिनको व्याख्या गर्ने परम्परा विरूद्ध चुनौती दिँदै लेखक र सर्जक आआफ्नो स्वतन्त्रतामा टिकेका दुबै अलगअलग पाटा हुन् भने (खरेल, २०७० : ६६) । लेखकको मृत्युको उनको तात्पर्य के हो भने कुनै पनि रचना शून्यमा जन्म हुँदैन । लेखक त सृजन पम्पराको एउटा कडी मात्र हो । कुनै पनि कृति न त पहिलो नै हुन्छ, न त अन्तिम । यदि पूर्ववर्तीहरूले लेखेका थिएनन् भने परवर्तीले पनि लेख्न पाउँदैनथे । हरेक कृति एक विशेष समाज, संस्कृति, सोच, भाषा, साहित्यिक परम्परा आदिमा पोषित हुन्छ । त्यसैले कुनै पनि रचनाकारले आफ्नो परम्पराप्रति विद्रोह गरोस् तर पनि त्यो लेखमा समाजबाट पूर्णतः मुक्त हुन सक्दैन । यही अर्थमा कुनै रचना कुनै पनि रचनाकारको रचना नभएर एक परम्पराको परिणति या रचना हुन्छ । त्यसैले कुनै विशेष रचनाका रूपमा जुन मूलपाठ हामीलाई उपलब्ध हुन्छ, त्यसको अर्थको निर्माता लेखक हुँदैन र त्यसको व्याख्या पनि अन्तिम हुँदैन । त्यसैले केन्द्रमा रचना हुन्छ, रचनाकार होइन भन्ने दृष्टिकोण वार्थको छ । रचनालाई आलोचकले अर्थ दिन्छ, जुन अर्थ आलोचकले दिन्छ, त्यही रचना हुन्छ । आलोचकले सक्रिय रूपले रचनाको अर्थ निर्माण गर्छ । आलोचकले नै त्यसलाई अस्तित्ववान बनाउँछ तर पनि आलोचक या पाठकले कुनै पाठको जुन अर्थ निकाल्छ, त्यो पनि अन्तिम हुँदैन । कुनै पनि पाठलाई जति पटक पढिन्छ, त्यसमा त्यति नै नयाँ अर्थ निस्कन्छ भन्ने दृष्टिकोण बार्थको छ ।

### *२.३ लकाँ र उनको नवमनोविश्लेषणसम्बन्धी अवधारणा*

उत्तर संरचनावादीहरूमा ज्याक लकाँको महत्त्वपूर्ण स्थान छ । मनोविश्लेषणलाई संरचनावाद र उत्तर संरचनावादसम्म पुऱ्याएर यसको प्रतिष्ठा पुनर्जीवित तुल्याउन लँकाको महत्त्वपूर्ण स्थान छ । (घर्ती, २०६७ : ६०) । यिनी नवफ्रायडवादीहरूको श्रेणीमा आउँछन् । यिनले फ्रायडको इड (मूल कामतत्त्व) लाई केन्द्रीय माने र अहम (इगो) लाई विकेन्द्रित गरे । यस प्रकारले उनले फ्रायडलाई नयाँ तरिकाले पढे र अवचेतनको अस्तित्वमात्र नभएर यसको संरचना पनि हुन्छ, जसले मनुष्यको वृत्तिलाई र क्रियाहरूलाई प्रभावित पार्छ भन्ने कुराको स्थापना पनि गरे । यिनको यस प्रकारको स्थापनाले साहित्यिक आलोचनामा विषयी (सब्जेक्ट) अर्थात् व्यक्ति आलोचकलाई केन्द्रीय महत्त्व प्रदान गऱ्यो र आलोच्य विषय (अब्जेक्ट) अर्थात् कृतिलाई गौण मान्यो । वक्ता र उसको वक्तव्यका बीच जुन अन्तराल छ, उत्तर संरचनावादीहरू त्यही भित्र प्रवेश गरे । भाषामा सङ्केतकहरूको तन्त्र पहिलेदेखि नै विद्यमान हुन्छ तर त्यतिबेला अर्थवान् हुन्छ जब कुनै व्यक्ति त्यससँग जोडिन्छ । स्त्री, प्रेमिका, पत्नी, आमा, छात्रा आदि भाषिक सङ्केत पहिलेदेखि नै विद्यमान हुन्छन् किन्तु त्यो अर्थवान् त्यतिबेला हुन्छ जतिबेला त्यो कुनै व्यक्तिविशेष र सन्दर्भसँग जोडिन्छ । कुनै स्त्रीको अर्थ पत्नी त्यतिबेला हुन्छ, जब त्यसले कुनै पुरुषसँग बैवाहिक सम्बन्ध कायम गर्छ । स्त्रीको अर्थ पनि पुरुषको सन्दर्भबाट बाहिर निस्कन्छ । यो अर्थ पनि त्यतिबेला निस्कन्छ, जब शिशु व्यक्ति बन्छ, उसको अहम् स्थापित हुन्छ र त्यसले आफू र अरूका बीचको अन्तराल थाह पाउँछ । उनका अनुसार बालमनोविकासका कल्पनात्मक, दर्पणावस्था र प्रतीकात्मक गरी तीन अवस्था हुन्छन् । जन्मदेखि ६ महिनासम्मको कल्पनात्मक अवस्थामा शिशुलाई कुनै ज्ञान हुँदैन र उसले आफू र अरूलाई छुट्याउन सक्दैन । ६ महिनादेखि १८ महिनासम्मको अवस्था दर्पणावस्था हो । यस अवस्थामा शिशुका लागि कर्ता वा व्यक्ति तथा कर्म वा वस्तु, ज्ञाता र ज्ञान, आफ्नो र आमाको शरीरका बीच विभेद नभई एउटै हुन्छ (शर्मा

र लुइटेल, २०६१ : ९०/९१) । यस कालमा पनि शिशुमा पूर्व भाषिक स्थिति नै रहन्छ तर उसले पञ्चेन्द्रिय (दृश्य, श्रव्य, स्पर्श, स्वाद र गन्ध) को अनुभूति चाहिँ गर्छ (शर्मा र लुइटेल, ३०६१: ९१) । अठार महिनादेखि चार वर्षसम्मको अवधिलाई प्रतीकात्मक अवस्था मानिएको छ । लकाँका अनुसार प्रतीकात्मक तहमा पुगेपछि शिशुको प्रवेश भाषामा हुन्छ । भाषाको संसारमा पुगे पछि उसमा अभाव र अपूर्णता महसुस हुन्छ । भाषा बुझ्न थालेपछि शिशु चिह्नमा यथार्थवस्तु छैन भन्ने बुझ्दछ र अभावसित परिचित हुन्छ (घर्ती, २०६७ : ६१) । प्रतीकात्मक तहमा पुगेपछि शिशुले अचेतन स्तरमै एक चिह्न अर्को चिह्नबाट भिन्नताले अर्थ हासिल गर्छ भन्ने बुझ्दछ (घर्ती, २०६७ : ६१) । संरचनावाद निश्चित वस्तुपरक अर्थको प्राप्तिमा विश्वस्त छ भने उत्तर संरचनावाद अनिश्चिततामा व्याप्त छ (गौतम, २०५०: १२१) । यसरी सङ्केत र सङ्केतितका बीच नित्य अवरोध भइरहन्छ र सङ्केतित सङ्केतकबाट निरन्तर चिप्लिरहेको हुन्छ भन्ने कुरा लकाँले व्यक्त गरेका छन् । लकाँले सबै पात्र (व्यक्ति) हरू भाषाका तहमा आएपछि असफलता, अनुपस्थिति, र गुमेको अवस्थामा रहन्छन् भन्ने कुरालाई उठाए । यसप्रकार लकाँका नवमनोविश्लेषण सिद्धान्तले साहित्यिक कृति वा पाठका शब्दका खेलमा विशेष ध्यान दिई साहित्य-समालोचनामा नवआयाम उद्घाटित गरेको छ ।

### २.४ *मिसेल फुको र उनको सत्ता र शक्तिसम्बन्धी अवधारणा*

फ्रान्सेली दार्शनिक तथा इतिहासकार मिसेल फुको अर्का उत्तर संरचनावादी चिन्तक हुन् । यिनी सारतत्त्व विरोधी दार्शनिक पनि हुन् । वैचारिक तथा दार्शनिक रूपमा यिनी नित्सेवादी हुन्, जुन कुरा उनले एउटा अन्तर्वार्तामा व्यक्त गरेका थिए । नित्सेको सत्य र भाषासम्बन्धी सिद्धान्तलाई आधार बनाएर उनको अध्ययन अगाडि बढेको पाइन्छ । उनले आफ्नो धारणालाई पाठक या दर्शकका लागि व्याख्या गरेको नभई प्रयोगकर्ताका लागि एउटा उपकरण हो भनेका छन् । उनले पागलपन, यौनिकता, दण्डविधान, शक्ति र ज्ञानजस्ता विषयमा कलम चलाएका छन् । यस दृष्टिले उनका म्याडनेस एण्ड सिभिलाइजेसन (सन् १९६१), दिअर्डर अफ थिङ्स (सन् १९६६) डिसिपिलिन एन्ड पनिस (सन् १९७५) जस्ता कृति महत्त्वपूर्ण छन् । उनको व्याख्याको मूल केन्द्र शक्तिले सत्यको निर्धारण गर्छ र शक्ति र ज्ञानका बीचमा घनिष्ठ सम्बन्ध हुन्छ भन्ने नै हो । फुकोले शक्तिका सम्बन्धमा मार्क्सवादीभन्दा फरक धारणा ल्याएका छन् । मार्क्सवादीहरू शक्तिसंरचनाका सम्बन्धमा मुख्यरूपमा आर्थिक आधारबाट नै सामाजिक वर्ग र ती वर्गहरूको अन्तर्विरोधमा जोड दिन्छन् तर फुकोले वर्ग चरित्र आर्थिक आधारभन्दा बढी सामाजिक संघ संस्था र परिवारका एकाइका तहमा पुगेर शक्तिको व्याख्या गरेका छन् (खरेल, २०७०: ६४) । उनका अनुसार टेक्सुआलिटी मात्रै सब थोक होइन । विश्व शक्तिको खेलमा अडिएको छ र शक्ति विमर्शरूपी ज्ञानका माध्यमबाट प्राप्त हुन्छ । त्यसैले पाठ केबल टेक्स होइन, विमर्श हो भन्ने मान्यता उनको रहेको छ । "फुकोको मतअनुसार भाषाको अध्ययन व्याकरण तथा शब्दावलीका नियमको विश्लेषणका निम्ति मात्रै नगरेर सामाजिक तथा सांस्कृतिक अभ्यासहरूलाई केलाउनका निम्ति पनि गर्नुपर्छ । भाषाको सामाजिक अभ्यासको पक्षलाई फुकोले सङ्कथन अर्थात् डिस्कोर्स (Discourse) भनेका छन् (उप्रेती, २०६८ : ३७) । यसरी उनले भाषाबाट विमर्शतिर पाइला चालेका छन् । फुकोका विचारमा विमर्शले कहिल्यै पनि एउटा पाठ, एउटा क्रिया र एउटा स्रोतलाई मात्र लिँदैन । विमर्शले ज्ञानको वस्तु उत्पादन गर्छ र विमर्शभन्दा बाहिर कुनै पनि कुरा अर्थपूर्ण हुँदैन/छैन भन्ने मान्यता राख्छ । विमर्शले निर्माण कसरी हुन्छ ? भन्ने सन्दर्भमा पनि फूकोले चर्चा गरेका छन् । कुनै एउटा वस्तु वा परिघटनाका सम्बन्धमा कुनै एउटा कालखण्डको समाजमा जब समान किसिमका धारणाहरू निर्माण हुँदै जान्छन् तब एउटा विमर्शको निर्माण हुन्छ । विमर्शहरू काल, समाज, जाति, वर्ग आदिका आधारमा फरकफरक हुँदै जान्छन् । एउटै कालखण्डमा विमर्शात्मक संरचनाहरू पनि भिन्नभिन्न हुन्छन् । यसरी विमर्शहरू भिन्नभिन्न भए पनि अर्थापन विमर्श वा विमर्शात्मक संरचनाभन्दा भिन्न हुँदैनन् । विमर्शबाटै अर्थापन हुन्छ । विर्मशभित्र विषय पनि हुन्छ र विषय माथिको व्याख्या पनि हुन्छ । विमर्शको त्यस किसिमको व्याख्या नै ज्ञानको उत्पादनका रूपमा अगाडि आउँछ । तसर्थ हरेक विमर्शले ज्ञानको उत्पादन गर्छन् ।

विमर्शात्मक संरचना र यसले दिने ज्ञान स्थायी प्रकारको हुँदैन । फुकोका विचारमा सारा ज्ञान अनित्य छ "यसको प्रमाणका रूपमा इतिहासको एउटा कालखण्डमा जुन ज्ञान थियो, त्यसको माध्यमले जुन कुरा स्थापित भएको थियो, त्यो इतिहासको अर्को कालखण्डमा केबल बदलिएको मात्र छैन अपितु निरर्थक पनि भएको छ । एउटा कालको सत्य अर्को कालमा मिथ्या बनेको छ, एक कालको नैतिक मूल्य अर्को कालखण्डमा निर्मूल्य बनेको छ । एउटा कालमा ठीक मानिएको समाज व्यवस्था अर्को कालखण्डमा गलत मान्न थालिएको छ । त्यसैले इतिहास विमर्शगत परिवर्तनको एक श्रृङ्खला हो, कुनै स्थायी अपरिवर्तनशील

शाश्वत सत्य होइन (नगेन्द्र र हरदयाल, २०१२ : ४२४)" भन्ने मान्यता फुकोको रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने विमर्शात्मक संरचना र यसले दिने ज्ञान स्थायी प्रकारको हुँदैन । जुन कालिक, सामाजिक वा ऐतिहासिक परिवेशमा ज्ञानको उत्पादन हुन्छ, त्यस समय रहने बेलासम्म त्यो ज्ञान रहिरहन्छ तर समय परिवर्तनसँगै विमर्शबाट उत्पादन हुने ज्ञान पनि हराउँदै जान्छ भन्ने मान्यता यिनको छ । यसको उदाहरणका रूपमा पागलपनलाई लिन सकिन्छ । पागलपनलाई पहिला र अहिले हेर्ने दृष्टिकोण फरक फरक छ । पागलहरूलाई पहिला जेलमा कैदी राख्ने ठाउँमा थुनेर राखिन्थ्यो भने अहिले अस्पतालमा राखिन्छ । त्यसैगरी चिकित्साविज्ञानले एउटा कालखण्डमा रोग शरीर बाहिर हुन्छ भन्ने विमर्श स्थापित गरेको थियो भने पछिल्लो समयमा रोग शरीरभित्रै हुन्छ भन्ने विमर्श स्थापित भएको छ । यस दृष्टिले सत्य एउटा विमर्शबाट अर्को विमर्शमा पुग्दा परिवर्तनशील हुन्छ । त्यसैले विमर्शको अर्थापन इतिहासको कालखण्डमा नजोडिई गर्न सकिँदैन भन्ने मान्यता फुकोको छ ।

***२.५ जुलिया क्रिस्तिभा र उनको नव मनोविश्लेषणसम्बन्धी अवधारणा***

जुलिया क्रिस्तिभा बोल्गेरियामा जन्मेर विद्यार्थीका रूपमा फ्रान्समा पसेकी हुन् । उनले आफ्नो विद्यावारिधि शोध रेभलुसन इन पोएटिक ल्याङ्ग्विज ( काव्यिक भाषामा क्रान्ति) द्वारा भाषाको आधारभूत सिद्धान्त र यसले व्यक्तिगत पहिचानलाई कसरी देखाउँछ भन्ने कुरालाई उद्घाटित गरेकी छन् (भट्टराई, २०६९: १०८) । यिनले सिम्बोलिक (प्रतीकात्मक) र सेमिओटिक (साङ्केतिक) प्रकृतिका भाषाका प्रकार्यहरू छुट्टाइन् । प्रतीकात्मक भनेको भाषाको स्तरीय समुदायले प्रयोग गर्ने स्वरूप हो भने साङ्केतिक चाहिँ हाम्रा अवचेतनका लुप्त इच्छा र शारीरिक क्रियाको आद्यरूपीय इच्छाको प्रकटीकरण हो । उनले यस्तो मनोविश्लेषणात्मक र भाषा वैज्ञानिक सिद्धान्तलाई साहित्यमा प्रयोग गरिन् (भट्टराई, २०६९: १०८) । साहित्य सिद्धान्त साङ्केतिकले थिचिएको छ भन्ने धेरै तर्क विवाद अनि गुनासो गरिन् । यसकारणले गर्दा साहित्यमा अस्थिरकारी शक्ति हुन्छ, यसले प्रतीकात्मक क्रमको स्थिरतालाई ध्वस्तै पार्दछ ( भट्टराई, २०६९: १०८) । यिनले पनि साहित्यिक अध्ययनका लागि लकाँले जस्तै मनोविश्लेषणको सहयोग लिन्छिन् । यिनले महिला र पुरुषका भेदमा भाषाले पार्ने प्रभावको विषयमा चर्चा गर्दै सामाजिक परम्पराको विरोधका लागि मनोवैज्ञानिक सचेतता आवश्यक हुने कुरा उठाएकी छन् । क्रिस्तिभा भन्छिन्- "जुन चिजलाई हामीले औचित्यपूर्ण एवम् सुसङ्गठित मान्दछौँ, त्यसको अनौचित्यता र विघटनको अवस्था बराबर रहेको हुन्छ, कारण कुनै पनि व्यक्ति पूर्ण र सङ्गठित हुँदैन । व्यक्तिलाई उसको कामना र वासनाले विघटित पार्दछ । सुसङ्गठित व्यक्तिको पहिचान उसको सुगठित वाक्यरचना हो (नगेन्द्र र हरदयाल, २०१२ : ४२३) ।" त्यसैगरी व्यक्तिको सुगठित वाक्यरचनालाई काव्यभाषाले बराबर विघटित गरिरहन्छ भन्ने दृष्टिकोण पनि क्रिस्तिभाको छ (नगेन्द्र र हरदयाल, २०१२ : ४२३) । यसको दूरगामी परिणाम के हुन्छ भने सामाजिक/राजनैतिक तन्त्र व्यक्तिलाई जति नियन्त्रण गर्छ, कामना प्रेरित व्यक्ति सामाजिक/राजनैतिकतन्त्रको भित्रभित्रै अस्थिर र विघटित भइरहन्छ । यसमा काव्यभाषाको अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने दृष्टिकोण क्रिस्तिभाको छ । जब प्लेटोले आफ्नो आदर्श गणराज्यबाट कविहरूलाई निकाल्नुपर्छ भन्ने कुरा गरे, त्यतिबेला काव्यभाषाको यसै शक्तिलाई स्वीकार गरे । जुलिया क्रिस्तिभाले पनि के कुरा मानिन् भने जब सामाजिक तन्त्र अत्यधिक जटिल र संहिताबद्ध हुन्छ, त्यतिबेला काव्यभाषाद्वारा नै क्रान्ति सम्भव हुन्छ । तर यस प्रकारको क्रान्ति सम्भव हुनुमा सबैभन्दा ठूलो बाधा त्यो बुर्जवा आचरण हो जसले नयाँ र क्रान्तिकारी चिज अपनाएर त्यसलाई निष्प्रभावी बनाइदिन्छ । उनले मानव मन, समाजतन्त्र, वाक्यविज्ञान र काव्यभाषाबीचको पारस्परिक संरचनात्मक सम्बन्ध र प्रभावको सैद्धान्तिक निर्मित गरिन् ।

**३. निष्कर्ष**

उत्तर संरचनावाद संरचनावादभन्दा पछाडिको अवधारणा हो । संरचनावाद र उत्तर संरचनावाद दुवै भाषासँग नै सम्बद्ध छन् । संरचनावादको निरङ्कुशतामा प्रश्नचिह्न लगाउँदै उत्तर संरचनावादको जन्म भएको हो । यसका प्रमुख प्रवक्ता डेरिडा हुन् । डेरिडाले ससुरको अवधारणालाई संशोधन गर्दै नयाँ अवधारणा ल्याएका हुन् । उनको प्रमुख मान्यता विनिर्माणवाद हो । न त अर्थ उत्पन्न हुन्छ, न त हामीले अर्थ ग्रहण गर्न सक्छौँ, जसलाई हामीले अर्थ भन्छौँ, त्यो एउटा चिह्नको ठाउँमा अर्को चिह्न मात्र हो भन्ने कुरा डेरिडाको रहेको छ । पाठ कहिल्यै सत्य र वैध हुँदैन, पाठमा सत्य परिवर्तन भइरहन्छ । यही दृष्टिले यसले (विनिर्माणवादले) भिन्नता वा अर्थभिन्नताको खोजी गरिरहन्छ । मानवीय इच्छाका सन्दर्भहरू भाषामा कसरी प्रकट भएका छन्, लेखक र लेखकीय मृत्युसम्बन्धी सन्दर्भ कसरी व्यक्त हुन्छ र भाषाको प्रयोगले सिर्जना गर्ने विभेदकारी अभिव्यक्ति

कसरी प्रकट भएको हुन्छ भन्ने विषय पनि उत्तर संरचनावादको अध्ययनको विषय हो । डेरिडाका अतिरिक्त रोलाँ बार्थ, मिसेल फुको, ज्याक लकाँ, जुलिया क्रिस्तिभा आदि उत्तर संरचनावादका चिन्तक हुन् । रोलाँ वार्थको पाठको बहुअर्थको सिद्धान्त, मिसेल फुकोको शक्ति र सङ्कथनको सिद्धान्त, ज्याक लकाँ र जुलिया क्रिस्तिभाका नवमनोविश्लेषणका सिद्धान्त यसअन्तर्गत पर्दछन् ।

**सन्दर्भसामग्री**


उप्रेती, सञ्जीव, *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल, २०६८ ।

खरेल, एमपी, “संरचनावाद, उत्तरसंरचनावाद र सांस्कृतिक अध्ययन”, *भृकुटी,* भाग १९, असार, २०७०, पृ. ५९-७४ ।

गिरी, अमर, “सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा”, *भृकुटी,* भाग १९, असार, २०७०, पृ. ११(४६ ।

गौतम, कृष्ण, *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* ललितपुर : साझा प्रकाशन, २०५० ।

---, *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, २०६४ ।

घर्ती, दुर्गाबहादुर, *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान,* ललितपुर : साझा प्रकाशन, २०६७ ।

नगेन्द्र र हरदयाल, *हिन्दी साहित्यको इतिहास,* बयालिसौँ संस्क., दिल्ली : नेसनल पब्लिसिंग हाउस, सन् २०१२ ।

भट्टराई, रमेश, “सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू”, *भृकुटी,* भाग १९, असार, २०७०, पृ. ३३४-३६५ ।

मिश्र, सत्यदेव, *पाश्चात्य काव्यशास्त्र अधुनातन सन्दर्भ,* तेस्रो संस्क., इलाहावाद : लोक भारती प्रकाशन, सन् २०१२ ।

शर्मा, मोहनराज, *आधुनिक तथा उत्तरआधुनिक पाठक मैत्री समालोचना,* काठमाडौँ : स्वेस्ट पब्लिकेसन, २०६६ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।